# काठमाडौं महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, काठमाडौं, नेपाल

पत्र संख्याः- ०८०/०८१
चलानी नं.:- २०४

मिति ....२०८०।४।३१....

## प्रथम भर्ना सूची प्रकाशन गरिएको सूचना ।

काठमाडौं महानगरपालिकाबाट मिति २०८०।४।२० गते सञ्चालित छात्रवृत्ति परीक्षाको अन्तिम योग्यताक्रमको सूचीका आधारमा परीक्षार्थीलाई आफूले अध्ययन गर्न चाहेको शिक्षण संस्थाको प्राथमिकता निर्धारण गर्न मिति २०८०।४।२७ गतेसम्म समय प्रदान गरिएकामा उक्त समयमा प्राथमिकता निर्धारण गरेका उम्मेदवारको योग्यताक्रम र प्राथमिकताका आधारमा मिति २०८०।४।२९ गते प्रकाशन भएको प्रथम भर्ना सूचीमा चित्त नबुझी प्राप्त निवेदन उपर कारवाही हुँदा कायम हुन आएको संलग्नबमोजिमको संशोधित नतिजासहितको प्रथम भर्ना सूची प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारीका लागि अनुरोध छ । तपसिलबमोजिमको भर्ना तालिका अनुसार तोकिएको शिक्षण संस्थामा भर्ना हुन जान सम्बन्धित सबै विद्यार्थीलाई सूचित गरिन्छ ।

**पुनश्चः विद्यार्थी भर्नासम्बन्धी देहायको समय तालिकाअनुसार भर्ना हुन "Check your Status" मा गई अध्ययनका लागि सिफारिश भएको शिक्षण संस्थाको पत्र डाउनलोड गरी सम्बन्धित शिक्षणसंस्थामा भर्ना हुन जान र शिक्षण संस्थाले समेत यसै सूचनालाई आधार मानी विद्यार्थी भर्ना गरी यस विभागमा रिपोर्टिङ गर्नहुन अनुरोध छ ।**

**साथै माध्यमिक तहमा प्राविधिक धारका कक्षा ९ र १० अध्ययन गरेका विद्यार्थीले मात्र कक्षा ११ को प्राविधिक धारका विषयमा भर्ना हुन पाउने छन् । पद्मकन्या विद्याश्रम मावि डिल्लीबजारका हकमा छात्रालाई मात्र भर्ना दिइने छ ।**

तपसिल

| SN | Particulars | मिति |
|---|---|---|
| १ | Result of Matching and First List Admission **START** | मिति २०८०।४।३२ गते दिनको ११.० बजेबाट |
| | **Last** date for admission | मिति २०८०।५।३ गते |
| २ | Second Admission List | मिति २०८०।५।५ गते |
| | **Last** date for admission | मिति २०८०।५।८ गते |

**नोटः प्राथमिकता क्रममा नरोजेको शिक्षण संस्थामा आफूभन्दा मुनीको योग्यताक्रमको विद्यार्थी छनोट भएमा कुनै दावी लाग्ने छैन ।**

(सीताराम कोइराला)
संयोजक, छात्रवृत्ति परीक्षा समिति तथा
**शिक्षा अधिकारी**

फोन नं.: +९७७-१-४२३१४८१ (प्रमुख), +९७७-१-४२४९११० (उप-प्रमुख), +९७७-१-४२३२८९२ (प्रमुख प्रशासकीय अधिकृत)
फ्याक्स नं.: +९७७-१-४२६८५०९, ईमेलः kmcmayor@mos.com.np, mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौं, नेपाल, वेभसाइटः www.kathmandu.gov.np